# बैंक खाता अद्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत कम्पनीहरुले आफ्ना शेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश तथा सार्वजनिक निष्काशनमा फिर्ता हुने रकम लगानीकर्ताहरुको बैंक खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाउन नेपालको पूँजीबजारको सर्वोच्च नियमन निकाय श्री नेपाल धितोपत्रबोर्डबाट निर्देशन भएबमोजिम सिडिएस एण्ड क्लियरिङ लि. ले डिम्याट खाता खोल्दा लगानीकर्ताले अनिवार्य रुपमा बैंक खाताको विवरण उपलब्ध गराउनुपर्ने निर्णय गरेको अवगतै छ ।

उपरोक्त निर्णय पूर्ण रुपमा कार्यान्वयन गर्नको लागि यस सानिमा क्यापिटल लिमिटेडमा नयाँ डिम्याट खाता खोल्ने हितग्राही महानुभावहरुले पनि खाता खोल्ने फारममा आफ्नो बैंक खाता अनिवार्य रुपमा उल्लेख गर्नुहुन जानकारी गराईन्छ तथा डिम्याट खाता खोलिसकेका हितग्राही महानुभावहरुले सानिमा क्यापिटल लिमिटेडको कार्यालय रहेको स्थान नक्साल, काठमाण्डौमा गई अनिवार्य रुपमा आफ्नो बैंक खाता ढिलोमा मिति २०७३ चैत्र मसान्तसम्म अद्यावधिक गर्नुहुन अनुरोध छ । साथै अद्यावधिक गर्ने समयमा उपलब्ध गराइएका सम्पूर्ण विवरणहरु डिम्याट खाता खोल्दा उल्लेख गराइएका विवरणरु (जस्तै : थर, तीन पुस्ते इत्यादि) सँग दुरुस्त मेल खानु पर्ने व्यहोरा समेत सम्बन्धित सम्पूर्ण लगानीकर्ताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Sanima Bank**
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

**Sanima Capital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

नक्साल, काठमाण्डौ, फोनः +९७७-४४२८९५६/५७, फ्याक्सः ४४२८९५८
इमेलः sanimacapital@sanimabank.com वेवसाइटः www.sanima.capital